# *संयुक्त राष्ट्रसङ्घ तथा चार्ल्स शोभराजको मुद्दाः काल्पनिकता र वास्तविकता*

एन्थोनी कार्डन*,

नेपालमा हत्याको अभियोग लागेका फ्रान्सेली नागरिक चार्ल्स शोभराजको घटनाका सम्बन्धमा मानवअधिकार समितिले गरेको एउटा निर्णयबारे सञ्चारमाध्यमले ध्यान दिएको तथा शृङ्खलाबद्ध समाचारहरू दिएको कुरालाई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय-नेपाल)ले ध्यानमा लिएको छ। कतिपय समाचारहरूले मानवअधिकार संयन्त्रका सम्बन्धमा असत्य कुराहरू प्रस्तुत गर्नुका साथै कहिलेकाहीँ उच्चायुक्तको कार्यालयको भूमिकाबारे भ्रम सिर्जना गरेका छन्। तर, यसले सो मानवअधिकार संयन्त्रको सापेक्षिक जटिलताका साथै यी संयन्त्रहरूबारे निरन्तर चेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकतालाई दर्साउँछ। नेपालमा, विशेषगरी उच्चायुक्तको कार्यालयका लागि र सामान्यतः सबै मानवअधिकार सङ्गठनहरूका लागि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर)अन्तर्गत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिको कार्यादेश र व्यक्तिगत उजुरी कार्यविधिका सम्बन्धमा उच्चायुक्तको कार्यालयको जिम्मेवारीमाथि प्रकाश पार्ने यो एउटा स्वागतयोग्य अवसर पनि हो।

आईसीसीपीआर सन् १९६६ डिसेम्बरमा पारित भई हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुला गरिएको थियो। नेपालले वि.सं. २०४८ वैशाख ३१ गते आईसीसीपीआरलाई अनुमोदन गर्‍यो। मूल प्रावधानहरूमध्ये धारा ६ देखि ११ सम्मलाई व्यक्तिहरूको जीवन, स्वतन्त्रता र शारीरिक सुरक्षा तथा अखण्डताको संरक्षणका प्रमुख प्रावधान मानिएको छ। घटना र आरोपित अपराधहरू जति नै कुख्यात भए पनि चार्ल्स शोभराजलगायत नेपालको क्षेत्राधिकारभित्र रहेका सबैमा यी अधिकारहरू लागू हुन्छन्।

सो समिति आईसीसीपीआरका पक्षराष्ट्रहरू (सो अभिसन्धिलाई अनुमोदन गर्ने)द्वारा त्यसको कार्यान्वयनको अनुगमन गर्ने १८ जना स्वतन्त्र विज्ञहरूको एउटा संयुक्त राष्ट्रसङ्घीय निकाय हो। यसमा समितिका सदस्यहरू निर्वाचित भएका हुन्छन् र उनीहरूले आफ्नो व्यक्तिगत हैसियतले काम गर्छन्। तिनले न त आफ्नो देशको न उच्चायुक्तको कार्यालयको नै प्रतिनिधित्व गर्दछन्। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले वर्षको तीनपटक जेनेभा वा न्युयोर्कमा बैठक गर्ने सो मानवअधिकार समितिलाई सचिवालय सहयोग उपलब्ध गराउँछ।

सम्बद्ध अधिकारहरू कसरी कार्यान्वयन गरिएका छन् भनेर समितिमा नियमित प्रतिवेदन गर्नुपर्ने दायित्व सबै पक्षराष्ट्रहरूमा हुन्छ। नेपालले सन् १९९४ मा आफ्नो प्रारम्भिक प्रतिवेदन समितिमा पेस गर्‍यो र अहिले समितिमा पेस गर्ने आफ्नो दोस्रो तथा विलम्बित आवधिक प्रतिवेदनको तयारी गर्दैछ।

राज्यले प्रतिवेदन गर्नुपर्ने दायित्वका अतिरिक्त आईसीसीपीआरको पहिलो ऐच्छिक सन्धिपत्रले समितिलाई पक्षराष्ट्रद्वारा सो अभिसन्धिको उल्लङ्घन गरिएको भन्ने आरोपका सम्बन्धमा परेका व्यक्तिगत उजुरीहरूको पनि अध्ययन गर्ने अधिकार दिएको छ। यो ऐच्छिक सन्धिपत्र - जसले नेपालविरुद्ध परेका दुईवटा व्यक्तिगत मुद्दामाथि मानवअधिकार समितिद्वारा विचार गर्ने अनुमति प्रदान गरिसकेको छ - मा हस्ताक्षर गर्ने थोरै एसियाली राष्ट्रहरूमध्ये नेपाल एक हुनु प्रशंसायोग्य छ। यी उजुरीहरू अज्ञात व्यक्तिद्वारा पेस गर्न सकिँदैन र ऐच्छिक सन्धिपत्रको पक्ष रहेको राज्यको क्षेत्राधिकारभित्र पर्ने व्यक्ति वा व्यक्तिहरूद्वारा पेस गरिनुपर्छ। कथित पीडितसँग कुनै स्पष्ट सम्पर्क नभएको तेस्रो पक्षले उजुरी पेस गर्न सक्दैन।

उही समस्या अर्को अन्तर्राष्ट्रिय कार्यविधिअन्तर्गत अनुसन्धान भइरहेको भएमा त्यस्तो उजुरीमाथि विचार गर्न सकिँदैन। समितिको क्षेत्राधिकारअनुसार राष्ट्रिय कानुनी उपचारहरू अप्रभावकारी र अनुपलब्ध नभएसम्म वा अनावश्यक रूपमा लामो नभएसम्म समितिले त्यसलाई हेर्दैन र समितिद्वारा हेरिनुअघि सबै राष्ट्रिय कानुनी उपचारहरू सकिएको हुनुपर्छ। समितिले दुवै पक्षद्वारा पेस गरिएका तर्कका आधारमा मुद्दाको योग्यताको समीक्षा र सुनुवाईभरि ती तर्कहरूलाई समान रूपमा लिइन्छ।

बाँच्न पाउने अधिकार, यातना तथा दुर्व्यवहार तथा स्वेच्छाचारी पक्राउ वा बेपत्ता पार्ने कार्यसँग सम्बन्धित केही मुद्दाहरूमा प्रमाणको भार कथित पीडित व्यक्तिमा मात्र हुन नसक्ने कुरा समितिले बताएको छ। तर, तथ्यको अन्वेषण गर्ने यसको स्वतन्त्र कार्य नभएको समेतले गर्दा यसले फौजदारी कसुरको अभियोग लागेको व्यक्तिको वास्तविक अपराधबारे विरलै मात्र बोल्छ।

कतिपय देशहरूले व्यक्तिगत उजुरीमाथि समितिले गरेको निर्णयको परिणामस्वरूप कानुनमा परिवर्तन गरेका छन्। मुद्दाको योग्यताका आधारमा भएको समितिको निर्णयलाई औपचारिक रूपमा "भ्युज" भनिन्छ। केही मुद्दामा कैदीहरूलाई रिहा गरिएको छ र मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई क्षतिपूर्ति प्रदान गरिएको छ। आफ्ना फिल्ड कार्यालय भएका ठाउँमा उच्चायुक्तको कार्यालयले समितिका निर्णयको कार्यान्वयन तथा यसका अनुवर्ती कार्य गर्नमा सहयोग गर्नेछ।

*शर्मा वि. नेपाल* शीर्षकको सशस्त्र द्वन्द्वको सन्दर्भमा गरिएको बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी नेपालविरुद्धको पहिलो मुद्दामा सन् २००८ को नोभेम्बरमा समितिले आईसीसीपीआरका धाराहरू २, ७ तथा ९ को उल्लङ्घन भएको पायो र पीडितलाई बेपत्ता पार्ने कार्य तथा पीडितको अवस्थासम्बन्धी पूर्ण तथा प्रभावकारी अनुसन्धान गरेर समेत प्रभावकारी कानुनी उपचार प्रदान गर्ने, पीडित जिउँदै भएमा निजलाई तत्काल मुक्त गर्ने, आफ्नो अनुसन्धानबाट प्राप्त भएको पर्याप्त जानकारी प्रदान गर्ने तथा अधिकारहरू उल्लङ्घन गरिएबापत पीडितकी पत्नी तथा परिवारलाई पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने नेपालको दायित्व रहेको ठहऱ्यायो। आफ्नो पुर्पक्षको क्रममा नेपालले आईसीसीपीआरका थुप्रै धाराको उल्लङ्घन गरेको भनी चार्ल्स शोभराजले सन् २००८ को नोभेम्बरमा समितिमा उजुरी दर्ता गरे। आफ्नो ९९औं सत्रमा समितिले मुद्दाको योग्यताका आधारमा निर्णय गऱ्यो। सो निर्णय मुद्दाका सम्बन्धित पक्षहरूलाई पठाइएको छ र अहिले सार्वजनिक पनि गरिएको छ। समितिले आफ्नो निर्णयमा चार्ल्स शोभराजको पुर्पक्षको अवधि र थुनावस्थालगायतका विषयबारे केही अनियमितताहरू पाएको छ। समितिका अनुसार, यसबाट आईसीसीपीआरका धाराहरू १०, १४ र १५ को उल्लङ्घन भएको छ। समितिले चार्ल्स शोभराजको अपराधबारे केही पनि बोलेको छैन र निजको रिहाईको माग पनि गरेको छैन।

* एन्थोनी कार्डन हाल संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका अफिसर इन्चार्ज हुन्।